# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

मिति : २०८२/०४/०१

बैठक संख्या : ०१-२०८२/०८३

समय : बिहानको ११:३० बजेदेखि

आज मिति २०८२ साउन ०१ गते बिहीबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाम्बुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका
## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या :** ०१-२०८२/०८३

**मिति :** २०८२/०४/०१
**समय :** बिहानको ११:३० बजेदेखि

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०३/३२ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : योजनाहरुको अनुगमन सम्बन्धमा।

निर्णय ४ : गाउँपालिका तथा वडामा सञ्चालित योजनाहरुको अनुगमन अब उप्रान्त देहाय बमोजिम गर्ने :

१) रु. ५,००,०००।- (लागत सहभागिता बाहेक) वा सोभन्दा कम लागत अनुमान भएका योजनाहरु सम्बन्धित वडा अध्यक्षको संयोजकत्वको अनुगमन समितिले अनुगमन गर्ने।

२) रु. ५,००,०००।- भन्दा कम लागत अनुमान भएका योजनाहरु गाउँपालिका उपाध्यक्षको संयोजकत्वको अनुगमन समितिले अनुगमन गर्ने।

प्रस्ताव ५ : दाबी विरोध नआएको सम्बन्धमा।

निर्णय ५ : रोङ गाउँपालिका, वडा नं. १, २, ३, ४, ५ र ६ का ५९ जना भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा 'भूमिहीन दलित भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८' को दफा ४ को उपदफा (२) बमोजिम रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा ७ (सात) दिने सूचना टाँस गरेको र सो सम्बन्धमा निर्धारित समयावधिभित्र कुनै पनि दाबी विरोध नपरेको हुँदा सोही व्यहोरा भूमि समस्या समाधान आयोग, जिल्ला समिति, इलामलाई जानकारी गराउने।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव ६ : भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई दिइने जग्गाको उपयुक्तता सम्बन्धमा।

निर्णय ६ : रोङ गाउँपालिका, वडा नं. १, २, ३, ४, ५ र ६ का ५९ जना भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा पहिचान गरिएका जग्गा नै उपयुक्त भएको।

प्रस्ताव ७ : ह्युम पाइप खरिद गर्ने सम्बन्धमा।

निर्णय ७ : बढीमा रु.३०,००,०००।- को ह्युम पाइप नियमानुसार खरिद गरी रोङ गाउँपालिकाका ६ वटै वडाहरुलाई वितरण गर्ने। सो बापतको रकम चालू आर्थिक वर्षको स्वीकृत बजेटको वडाहरुको 'दिगो सडक विकास योजना' शीर्षकबाट स्वीकृत लागत अनुमान बमोजिम आवश्यकता अनुसार भुक्तानी दिने।

प्रस्ताव ८ : केही कार्यविधि, योजना र रणनीति स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ८ : देहायका कार्यविधि, योजना र रणनीति स्वीकृत गर्ने :

१) रोङ गाउँपालिका, सहकारी संस्थाहरुलाई प्रविधि खरिदमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८२

२) रोङ गाउँपालिकाभित्रका सार्वजनिक सवारी साधनहरुको बिमामा अनुदान दिने सम्बन्धी कार्यविधि २०८२

३) रोङ गाउँपालिका सहकारी संस्थाहरुले लिने कर्जामा ब्याज अनुदान दिने सम्बन्धी कार्यविधि, २०८२

४) रोङ गाउँपालिकाको गाउँ शिक्षा योजना, २०८२

५) रोङ गाउँपालिकाको प्रसुती बिदाको शैक्षिक क्षति न्यूनीकरणका लागि स्वयंसेवक व्यवस्थापन कार्यविधि, २०८२

६) रोङ गाउँपालिकाको गाउँ शिक्षा योजना, २०८२

७) रोजगार रणनीति, २०८२

प्रस्ताव ७ : बालमैत्री स्थानीय तह घोषणा सम्बन्धमा।

निर्णय ७ : रोङ गाउँपालिकालाई बालैत्री स्थानीय तह घोषणा सम्बन्धमा देहायका कार्य गर्ने :

(क) 'बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९' र 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८' अनुसार रोङ गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने।

(ख) बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँसभाका पदाधिकारी र अन्य सरोकारवालाहरुलाई २ दिवसीय अभिमुखीकरण गर्ने। उक्त अभिमुखीकरण मिति २०८२ साउन ०० गते बिहानको ०० बजेदेखि रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा गर्ने।

(ग) चालू आर्थिक वर्षका लागि वडा नं. ०० मा बालमैत्री शासन अवलम्बन गर्ने।

घ) बालमैत्री स्थानीय शासन गाउँपालिकास्तरीय समिति देहाय बमोजिम गठन गर्ने :

१) श्री मनि कुमार स्याङ्बो (गाउँपालिका अध्यक्ष) : अध्यक्ष

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

२) श्री विष्णुमाया खवास (गाउँपालिका उपाध्यक्ष) : सदस्य

३) श्री विनोद कुमार चौहान (प्रमुख प्रशासकीय अधिकृत) : सदस्य

४) वडा अध्यक्षहरु (सबै वडा) : सदस्य

५) कार्यपालिका सदस्यहरु, सबै : सदस्य

६) शाखा प्रमुखहरु (महिला तथा बालबालिका, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, गैरसरकारी संस्था समन्वय) : सदस्य

७) श्री पवित्रा अर्याल (सहकारी संस्थाबाट) : सदस्य

८) श्री गोपाल निरौला, रोङ - ३: सदस्य

९) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्था मध्येबाट अध्यक्षले मनोनयन गरेको १ महिला सहित २ जना : सदस्य

१०) विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरुमध्येबाट अध्यक्षले मनोनयन गरेका १/१ जना प्रतिनिधि : सदस्य

११) गाउँपालिकास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (कम्तीमा १ बालिका समेत) : सदस्य

१२) महिला बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा महिला सञ्जाल समूहमध्ये अध्यक्षले तोकेको १ जना : सदस्य

१३) श्री (किटेनी प्रहरी चौकी इन्चार्ज): सदस्य

१४) सामाजिक विकास शाखा प्रमुख/महिला बालबालिका शाखा प्रमुख : सदस्य-सचिव

(ङ) १ नं. वडाको बालमैत्री स्थानीय शासन वडा समिति देहाय बमोजिम गठन गर्ने:

१) श्री मनोहरि खड्का (१ नं. वडा अध्यक्ष) : अध्यक्ष

२) श्री मनमाया राई (वडा सदस्य) : सदस्य

३) श्री लक्ष्मी नेपाली (वडा सदस्य) : सदस्य

४) श्री हेम बहादुर थापा (वडा सदस्य) : सदस्य

५) श्री रेश कुमार राई (वडा सदस्य) : सदस्य

६) श्री विकास राई (शान्तिपुर स्वास्थ्य चौकी प्रमुख) : सदस्य

७) श्री कर्ण बहादुर राई (टोल विकास संस्थाबाट) : सदस्य

८) श्री नुर प्रसाद खतिवडा (टोल विकास संस्थाबाट) : सदस्य

९) श्री मिराज चाम्लिङ (किसान जनहित आ. वि. व्यवस्थापन समितिबाट) : सदस्य

१०) श्री अनिल दाहाल (स्वास्थ्य संस्था व्यवस्थापन समितिबाट) : सदस्य

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

११) श्री कुन्ता देवी शर्मा (स्वास्थ्य संस्था व्यवस्थापन समितिबाट) : सदस्य

१२) श्री गोमा देवी बराल (वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका) : सदस्य

१३) श्री रिया खड्का (बाल सञ्जाल समिति अध्यक्ष) : सदस्य

१४) श्री युनिष्मा राई (बाल सञ्जाल समिति सदस्य) : सदस्य

१५) श्री सरस्वती राई (वडा सचिव): सदस्य-सचिव

(च) ४ नं. वडाको बालमैत्री स्थानीय शासन वडा समिति देहाय बमोजिम गठन गर्ने:

१) श्री राज कुमार लाप्चा (४ नं. वडा अध्यक्ष) : अध्यक्ष

२) श्री मिना देवी तामाङ (वडा सदस्य) : सदस्य

३) श्री हर्क बहादुर राई (वडा सदस्य) : सदस्य

४) श्री बल बहादुर तामाङ (वडा सदस्य) : सदस्य

५) श्री बाल कुमारी विश्वकर्मा (वडा सदस्य) : सदस्य

६) श्री सीता खनाल (भालुझोडा स्वास्थ्य चौकी प्रमुख) : सदस्य

७) श्री नन्द कुमार गुरुङ (किटेनी टोल विकास संस्थाबाट) : सदस्य

८) श्री सम्झना राई (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत) : सदस्य

९) श्री रन बहादुर गुरुङ (विद्यालय व्यवस्थापन समितिबाट) : सदस्य

१०) श्री कुमारी लाप्चा (स्वास्थ्य संस्था व्यवस्थापन समितिबाट) : सदस्य

११) श्री पंखे राई (विद्यालय व्यवस्थापन समितिबाट) : सदस्य

१२) श्री कमला लिम्बू (वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका) : सदस्य

१३) श्री स्वेता राई (बाल सञ्जाल अध्यक्ष) : सदस्य

१४) श्री प्रनित राई (बाल सञ्जाल समिति सदस्य) : सदस्य

१५) श्री विनिता श्रेष्ठ (वडा सचिव): सदस्य-सचिव

(ङ) ५ नं. वडाको बालमैत्री स्थानीय शासन वडा समिति देहाय बमोजिम गठन गर्ने:

१) श्री दल बहादुर पुलामी (५ नं. वडा अध्यक्ष) : अध्यक्ष

२) श्री तीर्थराज ढुङ्गेल (वडा सदस्य) : सदस्य

३) श्री कर्ण बहादुर लाप्चा (वडा सदस्य) : सदस्य

४) श्री शोभा दर्जी महरा (वडा सदस्य) : सदस्य

५) श्री रीना राई (वडा सदस्य) : सदस्य

कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

६) वडामा रहेको स्वास्थ्य संस्थाका प्रमुख : सदस्य

७) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरु वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि २ जना : सदस्य

८) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि ३ जना : सदस्य

९) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका : सदस्य

१०) वडास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (कम्तीमा १ बालिका समेत) : सदस्य

११) श्री शिव शंकर आचार्य (वडा सचिव): सदस्य-सचिव

(च) २ नं. वडाको बालमैत्री स्थानीय शासन वडा समिति देहाय बमोजिम गठन गर्ने:

१) श्री चन्द्र शेखर घिमिरे (२ नं. वडा अध्यक्ष) : अध्यक्ष

२) श्री नानू तामाङ (वडा सदस्य) : सदस्य

३) श्री बाल कुमारी लकान्द्री (वडा सदस्य) : सदस्य

४) श्री इन्द्र प्रसाद कट्टेल (वडा सदस्य) : सदस्य

५) श्री माधव प्रसाद सुवेदी (वडा सदस्य) : सदस्य

६) श्री ब्रह्मलाल राजवंशी (वडामा रहेको स्वास्थ्य संस्थाका प्रमुख) : सदस्य

७) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरु वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि २ जना : सदस्य

८) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि ३ जना : सदस्य

९) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका : सदस्य

१०) वडास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (कम्तीमा १ बालिका समेत) : सदस्य

११) श्री शिव शंकर आचार्य (वडा सचिव): सदस्य-सचिव

(ज) ६ नं. वडाको बालमैत्री स्थानीय शासन वडा समिति देहाय बमोजिम गठन गर्ने:

१) श्री सत्यम राई चौरासे (६ नं. वडा अध्यक्ष) : अध्यक्ष

२) श्री फूलमाया गोम्देन (वडा सदस्य) : सदस्य

३) श्री तारा विश्वकर्मा (वडा सदस्य) : सदस्य

४) श्री धिरज राई (वडा सदस्य) : सदस्य

५) श्री जीवन राई (वडा सदस्य) : सदस्य

६) श्री दिलीप उराउँ जिर्मले स्वास्थ्य चौकी प्रमुख : सदस्य

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

७) श्री अश्विन राई (टोल विकास संस्थाबाट) वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि : सदस्य

८) युवराज आचार्य (टोल विकास संस्थाबाट) वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि : सदस्य

९) श्री तिलक अधिकारी (विद्यालय व्यवस्थापन समितिबाट) वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि : सदस्य

१०) श्री शनिप राई (विद्यालय व्यवस्थापन समितिबाट) वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि : सदस्य

११) श्री दल बहादुर योञ्जन (जिर्मले स्वास्थ्य चौकी व्यवस्थापन समितिबाट) वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि : सदस्य

१२) श्री अष्टीमाया योञ्जन (वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका) : सदस्य

१३) श्री आकृति सुवेदी (वडास्तरीय बाल क्लबबाट) : सदस्य

१४) श्री माइकल लेप्चा (वडास्तरीय बाल क्लबबाट) : सदस्य

१५) श्री लक्ष्मी प्रसाद धमला (वडा सचिव): सदस्य-सचिव

(च) बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा सहजीकरण समिति देहाय बमोजिम गठन गर्ने:

१) प्रमुख प्रशासकीय अधिकृत : अध्यक्ष

२) सामाजिक विकास शाखा प्रमुख : सदस्य

३) स्वास्थ्य शाखा प्रमुख: सदस्य

४) शिक्षा शाखा प्रमुख: सदस्य

५) योजना तथा अनुगमन शाखा प्रमुख: सदस्य

६) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख : सदस्य

७) खानेपानी, सरसफाई एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख : सदस्य

८) श्री (गोल्डेन भ्याली अध्ययन केन्द्र) : सदस्य

९) स्थानीय बालक्लब सञ्जालबाट संयोजक सहित २ जना (१ बालक र १ बालिका) प्रतिनिधि : सदस्य

१०) स्थानीय बाल कल्याण अधिकारी : सदस्य

११) बालक्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) : सदस्य

१२) श्री गोविन्द (सरस्वती मा. वि. का प्र. अ.) : सदस्य

१३) महिला, बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखाको प्रमुख: सदस्य-सचिव

<u>प्रस्ताव ८</u> : आर्थिक सहयोग गर्ने सम्बन्धमा।

विनोद चौहान
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ८ : सूर्योदय नगरपालिका, वडा नं. - ३ निवासी ब्याडमिन्टन खेलाडी निशाम हाङ्गा सुब्बालाई १६ देखि २७ जुलाईसम्म जर्मनीमा हुने 32nd World University Summer Game 2025 मा भाग लिन जानका लागि रु. ००,००,०००।- आर्थिक सहयोग गर्ने। (स्रोत : आर्थिक सहयोग)

प्रस्ताव ९ : 'टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७७' मा संशोधन गर्ने सम्बन्धमा।

निर्णय ९ : 'टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७७' मा देहाय बमोजिम संशोधन गर्ने:

देहाय :

| क्र. सं. | परिच्छेद, दफा, उपदफा, बुँदा | भएको व्यवस्था | संशोधनपछि हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १ | परिच्छेद: २, दफा:२, उपदफा: २, बुँदा: (ङ) | सदस्यहरु (तीनदेखि सात जना) | प्रत्येक टोलबाट १/१ जना प्रतिनिधि |
| २ | परिच्छेद: २, दफा:२, उपदफा: १० | कम्तीमा ५०% महिला सदस्य हुनुपर्ने | कम्तीमा ३३% महिला सदस्य हुनुपर्ने |
| ३ | परिच्छेद: २, दफा:४, उपदफा: २, (१) | अध्यक्षको पद रिक्त भएमा कार्यसमितिको बाँकी अवधिका लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्यसमितिले बाँकी अवधिको लागि समितिका सदस्यहरुमध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ | अध्यक्षको पद रिक्त भएमा उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । उपाध्यक्षको पद रिक्त भए समितिको ज्येष्ठतम सदस्यले उपाध्यक्ष भई कामकाज गर्ने। |
| ४ | परिच्छेद: २, दफा:२, उपदफा: ११ | संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्लाभित्र हुनेछ । साधारण सभाले टोल तथा बस्तीभित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नुपर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउन सक्नेछ। | संस्थाको कार्यक्षेत्र गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ । |
| ५ | परिच्छेद: २, दफा:२, उपदफा: १२ | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वडा कार्यालयले तोकेको क्षेत्रभित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एकभन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन । | सम्बन्धित वडाको सिफारिसका आधारमा गाउँपालिकाले तयार/संशोधन गरेको नक्शा बमोजिम घरधुरी समेट्ने गरी |

| | | | |
|---|---|---|---|
| ६ | परिच्छेद: २, दफा:४, उपदफा: ४ | दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ। | उपदफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ। |
| ७ | परिच्छेद: ५, दफा:१२, उपदफा: १ | जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ। | जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न सक्नेछ तर त्यस्तो सहयोग एक द्वार प्रणाली अन्तर्गत विपद् व्यवस्थापन समितिको स्वीकृतिमा मात्र गर्नु पर्नेछ। |

प्रस्ताव १० : 'श्रमदान परिचालन निर्देशिका, २०८१' मा संशोधन गर्ने सम्बन्धमा।

निर्णय १० : 'श्रमदान परिचालन निर्देशिका, २०८१' मा देहाय बमोजिम संशोधन गर्ने:

देहाय :

| क्र. सं. | परिच्छेद, दफा, उपदफा, बुँदा | भएको व्यवस्था | संशोधनपछि हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १ | प्रस्तावना | रोङ गाउँपालिकाले यसै मान्यतालाई पुनर्जिवित गर्दै आफ्नो टोल समाज र सिङ्गो गाउँपालिकाप्रतिको नागरिक उत्तरदायित्वलाई सर्वहितको लागि उपयोग गर्न नेपालको संविधान वा अन्य कुनै कानूनी आधारलाई आधारमा लिएर यो श्रमदान परिचालन निर्देशिका २०८१ तयार गरी कार्यान्वयनमा ल्याएको। | 'रोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४' को दफा ४ बमोजिम |
| २ | परिच्छेद: १, दफा:२, बुँदा नं. (क) | 'टोल विकास संस्था' भन्नाले रोङ गाउँपालिका 'टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि २०७७' अनुसार पालिकामा दर्ता भएका टोल विकास संस्थाहरु बुझ्नुपर्छ। | 'टोल विकास संस्था' भन्नाले रोङ गाउँपालिका 'टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि २०७७' अनुसार वडामा दर्ता भएका टोल विकास संस्थाहरु बुझ्नुपर्छ। |
| ३ | परिच्छेद: १, दफा:२, बुँदा नं. (ङ) | 'अध्यक्ष' भन्नाले श्रमदान परिचालनको लागि बनेको समितिको अध्यक्षलाई बुझ्नुपर्छ । सो शब्दले रोङ गाउँपालिका अध्यक्ष र वडा | टोल विकास समितिको अध्यक्ष बुझ्नुपर्छ । गाउँपालिका अध्यक्ष वा वडा अध्यक्षका हकमा 'गाउँपालिका अध्यक्ष' वा 'वडा अध्यक्ष' नै |

| | | | |
|---|---|---|---|
| | | अध्यक्षलाई समेत जनाउँदछ। | लेखिनेछ। |
| ४ | परिच्छेद: २, दफा:६, बुँदा नं. (घ) | वार्षिक रुपमा १८ देखि ५९ वर्ष उमेर समूहमा ५१०० व्यक्ति/दिन श्रमदान गर्ने वातावरण तयार गर्ने। | १८ वर्षदेखि ७० वर्षसम्म |
| ५ | परिच्छेद: ४, दफा:१० | वडास्तरीय समितिहरुको गठन : वडा अध्यक्षको संयोजकत्वमा टोल विकास समितिका प्रतिनिधिहरु सदस्य रहने र वडा सचिव रहने गरी वडास्तरीय श्रमदान समितिहरु गठन हुनेछ। | सबै टोलका १/१ जना प्रतिनिधि |
| ६ | परिच्छेद: ८, दफा:१५, बुँदा नं. (घ) | उमेर समूहका आधारमा १८ देखि ५९ वर्ष समूहका महिला पुरुषको संख्या | १८ देखि ७० वर्ष समूहका |
| ७ | परिच्छेद: १०, दफा:१७, उपदफा: १, बुँदा नं. (ख) | गाउँपालिकाको कार्ययोजनामा रहेको श्रमदान कार्य योजनाको लागि सम्बन्धित क्षेत्रका टोल विकास संस्थाहरुमार्फत् आवश्यक जनहरुको लागि ७ देखि १५ दिन अघि सूचना मार्फत् गरिने छ। | २ देखि ५ दिन अघि (आकस्मिक अवस्थामा बाहेक) |
| ८ | परिच्छेद: १२, दफा:१९, बुँदा नं. (क) | श्रमदानमा १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरुलाई न्यूनतम ८ घण्टाको श्रमदानलाई तोकिएको छ। त्योभन्दा कम योगदानलाई पूर्ण श्रमदान मानिने छैन। | न्यूनतम ५ घण्टा |

प्रस्ताव ११ : 'जलस्रोत कार्यविधि, २०७७' मा संशोधन गर्ने सम्बन्धमा।

निर्णय ११ : 'जलस्रोत कार्यविधि, २०७७' मा देहाय बमोजिम संशोधन गर्ने:

देहाय :

| क्र. सं. | परिच्छेद, दफा, उपदफा, बुँदा | भएको व्यवस्था | संशोधनपछि हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १ | १२ | जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष अनुमती पत्रको लागि दरखास्त दिनु पर्नेछ। तर जलस्रोतको सर्वेक्षणको अनुमतीपत्रको लागि दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन। | २ करोडभन्दा |

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव १२ : स्थानीय तह समन्वय समिति गठन गर्ने सम्बन्धमा।

निर्णय १२ : 'किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९' अनुसार देहाय बमोजिम रोङ गाउँपालिकाको 'स्थानीय तह समन्वय समिति' बालमैत्री स्थानीय शासन गठन गर्ने :

क) श्री मनि कुमार स्याङ्बो (गाउँपालिका अध्यक्ष) : संयोजक

ख) श्री विष्णुमाया खवास (गाउँपालिका उपाध्यक्ष) : सहसंयोजक

ग) श्री मातृका बराल (३ नं. वडाका अध्यक्ष) : सदस्य

घ) श्री सुवास भण्डारी (सरस्वती मा. वि., रोङ ४ का प्र. अ.) : सदस्य

ङ) श्री (किशोरी एक जना) : सदस्य

च) श्री (किशोर वा किशोरीमध्ये एक जना) : सदस्य

छ) श्री (किशोरकिशोरी प्रजनन् स्वास्थ्य क्षेत्रमा काम गर्ने गैह सरकारी संस्थामध्ये समितिले मनोनीत गरेको प्रतिनिधि (एक जना) : सदस्य

ज) श्री श्रुति कुमारी तामाङ (शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख) : सदस्य

झ) श्री युवराज काफ्ले (स्वास्थ्य शाखा प्रमुख) : सदस्य

ञ) श्री लक्ष्मण ढकाल (शिक्षा कार्यालयका प्रतिनिधि) : सदस्य

ट) श्री विनोद कुमार चौहान (प्रमुख प्रशासकीय अधिकृत) : सदस्य-सचिव

प्रस्ताव १३ : रोङ गाउँपालिका जलस्रोत समितिको निर्णय सम्बन्धमा।

निर्णय १३ : रोङ गाउँपालिकाको जलस्रोत समितिको मिति २०८२ साउन २७ गतेको बैठकले श्री सुनमाई वाटर प्रा. लि., बुद्धशान्ति - ७ झापालाई रोङ गाउँपालिका जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि, २०७७ बमोजिम रोङ गाउँपालिका वडा नं, ३ मा रहेको खारखोलाको जल उपयोग गर्न दिने निर्णय सदर गर्ने।

प्रस्ताव १४ : खोप तथा गाउँघर क्लिनिक सञ्चालन फिल्ड भत्ता दिने सम्बन्धमा।

निर्णय १४ : रोङ गाउँपालिकाभित्र आ. व. २०८२/०८३ मा खोप तथा गाउँघर क्लिनिक सञ्चालन गर्ने स्वास्थ्यकर्मीहरुलाई चौथो तह भए मासिक रु.१,८००।- र पाँचौं तह भए मासिक रु.२,२५०।- का दरले गाउँपालिकाको तर्फबाट फिल्ड भत्ता उपलब्ध गराउने।

प्रस्ताव १५ : Hypertension care cascade initiation programme (HCCI) उच्च रक्तचाप व्यवस्थापन कार्यक्रमका लागि खर्च गर्ने सम्बन्धमा।

प्रस्ताव १६ : शिक्षा सम्बन्धी।

(क) अभिभावक शिक्षा सहजकर्ताहरुको लागि यातायात खर्च भुक्तानी दिने सम्बन्धमा।

(ख) प्रधानाध्यापक बैठक भत्ता भुक्तानी सम्बन्धमा।

निर्णय १६ :

(क) चालू आर्थिक वर्ष २०८२/०८३ मा रोङ गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा अभिभावक शिक्षा कार्यक्रममा खटिने अभिभावक शिक्षा सहजकर्ताहरुलाई प्रतिसहजकर्ता प्रतिकार्यक्रम रु. २,०००।- का दरले यातायात खर्च उपलब्ध गराउने । उक्त रकम रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत बजेटको 'अभिभावक शिक्षा' शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।

(ख) चालू आर्थिक वर्ष २०८२/०८३ मा रोङ गाउँपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित प्रधानाध्यापक बैठकमा उपस्थित हुने सबैलाई यातायात खर्च तथा बैठक भत्ता बापत् प्रतिसहभागी प्रतिबैठक रु. १,०००।- का दरले उपलब्ध गराउने । उक्त रकम रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत बजेटको 'प्र. अ. बैठक सञ्चालन खर्च यातायात सहित' शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने ।

प्रस्ताव १७ : हाँसपोखरी क्षेत्रमा एञ्जेलोनिया फूलको बिरुवा रोपण गर्ने सम्बन्धमा ।

निर्णय १७ :

एञ्जेलोनिया फूलको बिरुवा नियमानुसार खरिद गरी रोङ गाउँपालिकाको हाँसपोखरी क्षेत्रमा रोपण गर्ने । सोबापतको रकम चालू आर्थिक वर्षका लागि स्वीकृत बजेटको 'विविध खर्च' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव १८ : नेटवर्क/इन्टरनेट सेवाको सम्झौता नवीकरण गर्ने सम्बन्धमा ।

निर्णय १८ :

यस रोङ गाउँपालिका अन्तर्गत रहेका ९ वटा माध्यमिक विद्यालयहरु, पाथीभरा मन्दिर, सिद्धदेवी मन्दिर क्षेत्रमा जडान भएको सि. सि. टि. भि. यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट निरीक्षण गर्ने, सञ्चालन गर्ने प्रयोजनार्थ बुद्धशान्ति गाउँपालिका, झापामा रहेको श्री आर्टिक कम्युनिकेशन प्रा. लि., सँग प्राइभेट नेटवर्कको लागि मिति : २०८०/०६/११ गते सम्झौता गरिएकोमा सोही बमोजिम कार्य गर्ने गरी उक्त संस्थासँग आ. व. २०८२/०८३ को लागि सम्झौता नवीकरण गर्ने ।

यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा VIANET COMMUNICATION LTD. ले 35 MBPS क्षमताको डेडिकेटेड इन्टरनेट सेवा प्रदान गर्दै आएकोमा सोही इन्टरनेट सेवा प्रदायकबाट आ. व. २०८२/०८३ को लागि पनि इन्टरनेट सेवा लिनको लागि गत आ. व. को दररेटमा नै सम्झौता गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

...न्द्र कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्ताव १९</u> : लम्पी स्किन डिजिज रोकथामका लागि आवश्यक औषधी खरिद गर्ने सम्बन्धमा।

<u>निर्णय १९</u> :

हाल रोङ गाउँपालिकाको विभिन्न क्षेत्रमा घरपालुवा पशु चौपायामा लम्पी स्किन डिजिजको प्रकोप बढिरहेको सन्दर्भमा उक्त रोग विरुद्धको आकस्मिक रोकथामका लागि आवश्यक औषधी खरिद गरी संक्रमित स्थानमा यथाशीघ्र जनशक्ति परिचालन गर्ने । सो औषधी खरिद बापतको खर्च रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत बजेटको 'विपद् व्यवस्थापन कोष' बाट भुक्तानी दिने।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*